# कृषि उद्यम केन्द्र (Agro Enterprise Center-AEC)
# नेपाल उद्योग वाणिज्य महासंघ

## १. प्रस्तावना

नेपालको कुल जनसंख्याको करिव आधा जनसंख्या ५०.१ प्रतिशत कृषि पेशामा संलग्न रहनु र कुल ग्रार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान करिव एक चौथाई २५.१६ प्रतिशत रहेकोले कृषि क्षेत्र नेपालको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको देखिन्छ।

व्यवसायीक एंवम प्रतिस्पर्धात्मक कृषि प्रणालीबाट उच्च एंवम दिगो आर्थिक वृद्धि हासिल गरी खाद्य सुरक्षा तथा गरिवी निवारणमा योगदान पुयाउने लक्ष्यका साथ सरकारले कृषि क्षेत्रको विकासको लागि विभिन्न कार्यहरु गदै आइरहेको छ।

खाद्य सुरक्षा,पोषण सुरक्षा, रोजगारी सृजना,गरिवी निवारण, औद्योगिकीकरण, निर्यात प्रवर्द्धन, दिगो आर्थिक विकासमा कृषि क्षेत्रले महत्वपूर्ण योगदान पुयाउदै आएको छ। नेपालमा उपलब्ध भौगोलिक जलवायु विशेषताको कारण उच्च मुल्यका कृषि वस्तुहरु जडिबुटी,पशुजन्य, मत्स्य, गैरकाष्ठ वन पैदवार आदिका उद्यमहरुको विकास गरी निर्यात गर्न सकिने धेरै नै सम्भावना देखिएको छ।

बढदो प्रतिस्पर्धा र उत्पादन लागत बढी, प्रशोधनको लागि आवश्यक मेशिन उपकरणको अभाव, अध्ययन अनुसन्धानमा कमी, उपयुक्त नीति नियम, आधुनिक प्रविधिको प्रयोग गर्न नसकिएको कारण, कच्चा पदार्थ कम मुल्यमा बिक्रि वितरण, बजारको सुनिश्चता नहुदा अन्तराष्ट्रिय बजारमा निर्यात गर्न नसकेको कारण सरोकारवालाहरुले सोचे अनुसार फाइदा लिन नसकेको देखिन्छ। यही तथ्यलाई मनन गरी नेपाल सरकारबाट नीजि क्षेत्रलाई लगानीको लागि आव्हान गरिएको छ। माथि उल्लेख गरिएको समस्याहरुलाई सुधार गदै गएको खण्डमा कृषि क्षेत्रमा नीज क्षेत्रको लगानी बढाउन सकिएमा कृषि क्षेत्रको विकासमा टेवा पुग्ने देखिएको छ।

कृषिलाई व्यवसायीकरण र आधुनिकीकरण गदै विकास, प्रतिस्पर्धी, प्रविधि मैत्री, जलवायु उत्थानशिल तथा आयातलाई प्रतिस्थापन गदै स्थानीय उत्पादनमा जोड दिई उच्च मुल्यका वस्तुहरुलाई निर्यात गर्न सहज वातावरण बनाउने कार्यमा कृषि उद्यम केन्द्रले प्रभावकारी भूमिका खेल्दै आइरहेको छ।

कृषि व्यवसायमा लागेका सरोकारवालाहरुको प्रतिस्पर्धात्मक एंवम तुलानात्मक लाभ हासिल गर्न सक्ने खालका कृषि वस्तुहरुको उत्पादन, मुल्य अभिवृद्धि तथा बजार व्यवस्थापन जस्ता महत्वपूर्ण कार्यहरुमा जोड दिनु आजको आवश्यकता देखिएको छ। आधुनिक प्रविधि र उत्पादन प्रणालीको बढदो उपयोग तथा नीजि क्षेत्रको अगुवाईमा बजारमुखी कृषि कार्यक्रमहरुलाई सहयोग पुग्ने

नीतिहरुको निर्माणमा पहल, आम्दानी बढाउदै गरिवी निवारणमा सरकारलाई सहयोग पुयाउने लक्ष्यका साथ कृषक, उद्यमी, व्यवसायी, कृषि वस्तुगत संघ, सरकारी निकाय, वित्तिय संघ सस्था, अनुसन्धान प्रतिष्ठान, विश्वविद्यालय, विकास साझेदार संस्था, बस्तु प्रचार प्रसार बजारीकरणको लागि अन्तराष्ट्रिय मेला महोत्सवमा सहभागिता जनाउनको लागि सरोकारवालाहरुलाई सहजीकरण गर्ने कार्य समेत कृषि उद्यम केन्द्रले गर्दै आइरहेको छ ।

कृषि क्षेत्रमा लगानी बढाउन, उद्यमशिलताको विकास, नवप्रवर्द्धन, मुल्य श्रृडखला विकास, हरित व्यवसाय, अन्तराष्ट्रिय व्यापार तथा कृषिको दिगो विकासको लागि नेपाल सरकार, गैहसरकारी संघ सस्था, अन्य सरोकारवालाहरु समन्वय र सहकार्य गर्दै कृषि क्षेत्रको दिगो विकासमा सहयोग गर्न कृषि उद्यम केन्द्रले नीजि क्षेत्रको प्रतिनिधित्व गर्दै नेतृत्वदायी भूमिका खेलि रहेको छ ।

## २. पृष्ठभूमिः

कृषि उद्यम केन्द्र नेपाल उद्योग वाणिज्य महासंघको कृषि क्षेत्र हेर्ने इकाईको रुपमा वि.स. २०४८ सालमा नेपाल स्थित अमेरिकन सहयोग नियोग(USAID) संग सम्झौता भई स्थापना भएको हो । स्थापना भएको ३५ बर्षको अवधिमा नेपालको कृषि क्षेत्रको विकासको लागि कृषि उद्यम केन्द्रले धेरै नै उल्लेखनिय कार्य गरेको छ ।

नेपालमा कृषि व्यवसायको विकास एंवम प्रवर्द्धन गर्ने कार्यमा कृषि उद्यम केन्द्रले महत्वपूर्ण भूमिका खेल्दै आइरहेको छ । कृषि उद्यमी, व्यवसायीहरुको प्रतिनिधित्व गर्दै कृषि क्षेत्रको विकासका लागि नीतिगत वहस,पैरवी, सल्लाह सुझाव लगायत विभिन्न कार्यक्रमहरु केन्द्रले गर्दै आइरहेको छ ।

नेपालको कृषि उत्पादनलाई परम्परागत निर्वाहमुखी प्रणालीबाट व्यवसायीक, आधुनिक प्रतिस्पर्धी, मुल्य अभिवृद्धि उत्पादन प्रणालीमा सुधार गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय बजार संग जोडदै कृषि उत्पादनको विविधिकरण, औद्योगिकीकरण, प्रशोधन, ब्रान्डिग, गुणस्तरमा सुधार निर्यातलाई जोड दिदै आम्दानी वृद्धि,रोजगारी सृजना मार्फत नेपालको अर्थतन्त्रलाई दिगो रुपमा चलायमान गराउने कार्यमा कृषि उद्यम केन्द्रले महत्वपूर्ण भूमिका खेल्दै आइरहेको छ ।

नेपालमा पाइने उच्च मुल्यका गैरकाष्ठ वन पैदवार (Non-Timbar Forest Products-NTFPs जडिवुटी (Medicinal and Aromatic Plants(MAPs) र तेल (Essential Oil) जैविक विविधतामा आधारित उद्यमहरुको दिगो विकास, संरक्षण, अध्ययन अनुसन्धान, मुल्य अभिवृद्धि, ब्रान्डिग गरि अन्तराष्ट्रिय बजारमा पहुच लगायत विक्रि वितरणको लागि कृषि उद्यम केन्द्रले समन्वयकारी भूमिका खेलिरहको छ ।

हालको बढदो विश्वव्यापी जलवायु परिर्वतन, हरित अर्थतन्त्र, कार्वन न्यूनिकरण, दिगो उत्पादन प्रणाली, डिजिटल कृषि, कृत्रिम वुद्धिमता(AI) स्मार्ट कृषि, जैविक उत्पादन तथा जिम्मेवार व्यापार (Responsible Business Conduct) को महत्वको सन्दर्भमा कृषि उद्यम केन्द्रले नेपाललाई विश्व बजारमा कृषिको प्रतिस्पर्धी राष्ट्रको रुपमा चिनाउन आवश्यक नीति नियम, क्षमता विकास, लगानी

भित्राउने, अध्ययन र अनुसन्धानलाई प्राथमिकतामा राख्दै अन्तराष्ट्रिय सरोकारवालाहरु संग सहकार्यलाई प्राथमिकता दिने सोच कृषि उद्यम केन्द्रले राखेको छ ।

३. दुरदृष्टि -Vision

समृद्द किसान, प्रभावकारी कृषि उद्यम र दिगो कृषिको विकास, हरित अर्थतन्त्र मार्फत नेपाललाई विश्वस्तरमा प्रतिस्पर्धी, नवप्रवर्द्धनमुखी, जलवायु मैत्री, समावेशी तथा आयातलाई प्रतिस्थापन गदै निर्यात गर्ने राष्ट्रको रुपमा विकास गर्न कृषि उद्यम केन्द्रले सहयोग गर्ने ।

४. परिलक्ष्य (Mission)

नेपालको कृषि तथा कृषि उद्यम क्षेत्रको समग्र विकासको लागि नीजि क्षेत्रको नेतृत्वमा उत्पादन, उत्पादकत्व, मुल्य अभिवृद्धि, प्रशोधन, उद्योग, बजार पहुँच, अन्तराष्ट्रिय व्यापार, प्रविधि हस्तान्तरण, नवप्रवर्द्धन, वित्त, लगानीलाई सार्वजनिक नीजि साझेदारी अवधारणा मार्फत कृषि,पशुपालन, मत्स्य,वन,गैहकाष्ठ वन पैदवार, जडिवुटी प्राकृतिक श्रोतमा आधारित उद्यमहरुको प्रतिस्पर्धात्मक रुपमा दिगो र समावेशी विकास गर्ने ।

५. मुल्य मान्यता (Core Values)

कृषि उद्यम केन्द्रले सम्पन्न गर्ने कार्यक्रमहरु तल उल्लेख गरिएको मुल्य मान्यतामा रहेर सम्पन्न गरिने छः

५.१ दिगोपन (Sustainability)

उपलव्ध प्राकृतिक श्रोत, साधन, वातावरण तथा जैविक विविधताको संरक्षण गदै वर्तमान तथा भावी सन्ततीको हितलाई मध्यनजर राखि कृषि क्षेत्रको विकास गर्ने ।

५.२ नवप्रवर्द्धन (Innovation)

अध्ययन र अनुसन्धान, विज्ञान,प्रविधि, कृत्रिम वुद्धीमत्ता(AI) डिजिटल कृषि तथा आधुनिक व्यवस्थापन प्रणालीको प्रयोगद्धारा कृषि क्षेत्रमा रुपान्तरण गर्नु ।

५.३ नीजि क्षेत्रको नेतृत्व (Private Sector Leadership)

कृषिमा नीजि क्षेत्रको लगानी आर्कर्षित, उद्यमशिलता विकास, प्रतिस्पर्धाको माध्यमबाट रोजगारी सृजनाको वातावरण बनाउने ।

५.४ समावेशिता (Inclusiveness)

युवा, महिला,कृषक, सहकारी संघ संस्था, लघु तथा मझौला उद्यमी, आदिवासी जनजाती तथा पिछडिएका समुदायहरुको जिवन स्तर माथि उठाउने कार्यमा समान अवसर प्रदान दिइने ।

५.५ पारदर्शिता र सुशासन (Transparency and Good Governnce)

उत्तरदायी,पारदर्शी, नतिजामुखी तथा नैतिक संस्थागत सुसंस्कृतिको विकास गरिने ।

५.६ हरित अर्थतन्त्र (Green Economy)

जलवायु मैत्री, कृषि, जैविक उत्पादन, नविकरणीय उर्जा, कार्बन न्युनीकरण तथा दिगो प्राकृतिक श्रोत साधनको व्यवस्थापनलाई उच्च प्राथमिकता दिइने ।

५.७ गुणस्तर उत्कृष्टता (Quality and Excellence)

तोकिएको अन्तराष्ट्रिय मापदण्ड अनुसार गुणस्तरिय उत्पादन, प्रशोधन, प्रमाणीकरण, तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरिने ।

५.८ साझेदारी र सहकार्य (Partnership and Collaboration)

सार्वजनिक नीजि साझेदारी, सहकारी, विश्वविद्यालय, अनुसन्धान संस्था, विकास साझेदार तथा अन्तराष्ट्रिय निकायसंग प्रभावकारी रुपमा सहकार्य गरिने ।

५.९ किसान केन्द्रित विकास( Farmer-Centered Development)

कृषकको आय वृद्धि, उद्यमशिलता विकास, प्रविधिमा पहुँच तथा बजार सुनिश्चिता मार्फत सबै कार्यक्रमलाई केन्द्र राखी गरिने ।

५.१० राष्ट्रिय प्रतिवद्धता समृद्धि प्रति( Commitment to National Prosperity)

कृषि क्षेत्रको उत्पादकत्व, निर्यात, औद्योगिकीकरण, खाद्य सुरक्षा तथा ग्रामिण क्षेत्रको आर्थिक विकास मार्फत नेपाललाई समृद्ध राष्ट्रको रुपमा चिनाउन योगदान गरिने ।

६. उद्देश्यहरु

कृषि उद्यम केन्द्र(AEC) को उद्देश्यहरु नेपालको कृषि क्षेत्रलाई उत्पादनमुखी मात्र नभई व्यवसायीक, प्रतिस्पर्धी, नवप्रवर्तन, जलवायु मैत्री, दिगो तथा निर्यातमुखी अर्थतन्त्रको प्रमुख आधार बनाई दिर्घकालिन सोचका साथ कृषि क्षेत्रको विकासमा सहयोग गर्ने ।

अन्य उद्देश्यहरु निम्ननुसार रहने छ:

६.१ आधुनिक, व्यवसायीक तथा प्रतिस्पर्धी कृषि प्रणालीको विकास तथा विस्तार गरिने,

६.२ उच्च मुल्यका कृषि वस्तु, पशुजन्य, मत्स्य, वनजन्य, गैहकाष्ठ वन पैदवार(NTFPs) जडिवुटी तथा प्राकृतिक उत्पादनहरुको उत्पादन, प्रशोधन, मुल्य अभिवृद्धि गर्दै उद्यमशिलताको विकास गरिने,

६.३ कृषक, कृषि उद्यमी, सहकारी संस्था, उत्पादक समुह, लघु,घरेलु,साना तथा मझौला कृषि उद्यमी(MSMEs)को क्षमता अभिवृद्धि गर्दै उद्यमशिलताको विकासमा जोड दिइने,

६.४ कृषि क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी आकर्षित गरी कृषि उद्योग, खाद्य प्रशोधन तथा कृषि पूर्वाधारको विकासमा जोड दिइने,

६.५ कृषि मुल्य श्रृङ्लालाई उत्पादन देखि उपभोग तथा निर्यात सम्म सुदृढ र प्रतिस्पर्धी बनाइने,

६.६. जलवायु-स्मार्ट(Climate Smart),जैविक (Organic), पुनर्जीवनमुखी (Regenerative) तथा हरित कृषि प्रणालीको विकास गरिने,

६.७. कृषि क्षेत्रमा कृत्रिम बुद्धिमत्ता (AI) डिजिटल प्रविधि, ड्रोन, GIS, LoT तथा स्मार्ट कृषि प्रणालीको प्रयोग विस्तार गरिने,

६.८. खाद्य तथा पोषण सुरक्षा, ग्रामिण रोजगारी, किसानको आय अभिवृद्धि तथा गरिवी न्यूनिकरणमा सहयोग गरिने,

६.९. कृषि वित्त, बीमा, जलबायु वित्त तथा हरित लगानीमा सहज पहुँच विस्तार गरिने,

६.१० सार्वजनिक -निजी साझेदारी (PPP) सुदृढ गरी कृषि क्षेत्रको नीति सुधार तथा संस्थागत विकासमा सहजीकरण गरिने,

६.११ नेपालका रैथाने र जैविक उत्पादनलाई अन्तराष्ट्रिय बजारमा Made in Nepal नामक ब्रान्डका रुपमा स्थापित गरी प्रचार प्रसार सहित बजारीकरण गरिने ।

७. कार्यादेश तथा कार्यक्षेत्र (Scope of Work)

७.१ नेपालको कृषि उद्यम तथा कृषि उद्योगको विकासको लागि निम्न कार्यहरु गरिने छः

व्यावसायिक कृषि प्रणलीको विकास गर्ने, कृषि उद्यमशीलताको प्रवर्द्धन गर्ने, कृषि उद्योग स्थापना तथा विस्तारमा सहजीकरण गर्ने, खाद्य प्रशोधन उद्योग विकासलाई प्रोत्साहन गर्ने, कृषि उत्पादनको ब्रान्डिङ, प्याकेजिङ तथा मूल्य अभिवृद्धि गर्नेकरार खेती (Contract Farming) तथा क्लस्टर विकासलाई प्रबर्द्धन गर्ने, कृषि स्टार्टअप तथा नबप्रवर्द्धन केन्द्र (Agribusinness Incubation) स्थापना तथा संचालनमा सहकार्य गर्ने ।

७.२ कृषि मुल्य शृङ्खला (Agricultural Value Chain Development) उत्पादन देखि अन्तराष्ट्रिय बजार सम्मका सम्पूर्ण मूल्य शृङ्खलाको विकासका लागि निम्न कार्य गरिने छः

खाद्यान्न तथा अन्नबाली, फलफूल, तरकारी, दलहन तथा तेलहन, चिया, कफी, अलैंची, अदुवा, बेसार, मसला बाली, मौरीपालन तथा मह उत्पादन, दुग्ध उद्योग, मासु उद्योग पशुपालन र

कुखुरापालन, मत्स्यपालन, च्याउ खेती, पुष्प व्यवसाय, बीउ उद्योग, कृषि पर्यटन, जैविक कृषि, खाद्य प्रशोधन उद्योग,आयातलाई प्रतिस्थापन गर्दै निर्यातमुखी कृषि उत्पादनमा जोड दिइने ।

७.३ व्यवसायीक पशुपालन, डेरी तथा मत्स्य विकासमा निम्न कार्यमा जोड दिइनेछः

गाई, भैसी, बाख्रा, भेडा, च्याङग्रा तथा बंगुर पालन प्रवर्द्धन गर्ने, आधुनिक र प्रविधि मैत्री डेरी उद्योग विकास गर्ने, दुध तथा दुग्धजन्य उत्पादनमा जोड दिई मूल्य अभिवृद्धि गर्ने, व्यवसायीक मत्स्य पालन प्रणाली विकास गर्ने, कुखुरा उद्योगको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने, पशु स्वास्थ्य तथा जैविक सुरक्षा (Biosecurity) सम्बन्धी कार्यक्रमलाई प्राथमिकता राखि संचालन गरिने छ ।

७.४ गैर-काष्ठ वन पैदावार (NTFPs), जडीबुटी तथा हर्बल उद्योगको प्रवर्द्धन, आयातलाई प्रतिस्थापन गर्दै निर्यातमा जोड दिदै जैविक विविधता सम्पन्न राष्ट्र भएकाले यस क्षेत्रलाई निम्न अनुसार विशेष प्राथमिकता दिइनेछः

उपलव्ध गैर-काष्ठ वन पैदावारको दिगो व्यवस्थापन गर्ने, जडीबुटी तथा सुगन्धित वनस्पतिको व्यावसायीक खेतीको विस्तार गर्ने,आयुर्वेदिक तथा हर्बल उद्योगको प्रवर्द्धन गर्ने, तेल (Essential Oils) उद्योगको विकास गर्ने,वनस्पतिजन्य निष्कर्ष (Botanical Extracts) उत्पादनलाई प्रोत्साहन गर्ने,वैज्ञानिक संकलन, प्रशोधन तथा गुणस्तर प्रमाणीकरण गर्ने,अन्तराष्ट्रिय बजारसंग उत्पादकलाई जोड्ने, भौगोलिक संकेत (GI) प्राप्त गर्न सहजीकरण गर्ने, बनमा आधारित उद्यम विकास गर्ने र स्थानीय समुदायको आर्य आर्जन बढाउने कार्यमा सहयोग गर्ने ।

**निम्न वस्तुहरुको उत्पादनमा विशेष प्राथमिकता दिइनेः**

चिराइतो, जटामसी, सतुवा, सुगन्धवाला, टिमुर, कुरिलो, तेजपात, दालचिनी, बोझो,अल्लो, लोत्ता, बाँस, प्राकृतिक रेशा, प्राकृतिक रङ, जङ्गली मह, हर्बल चिया र हर्बल सौन्दर्य सामग्री, प्राकृतिक औषधिजन्य उत्पादनलाई प्राथमिकता दिइने छ ।

**७.५ जलवायु -मैत्री तथा हरित कृषिमा निम्न कार्यमा जोड दिइनेः**

Climate Smart Agriculture,Organic Agriculture, Regenerative Agriculture ,Carbon Smart Farming, Circular Economy,Agroforestry, Soil Health Management,Water Efficient Irrigation, Renewable Energy,Climate Adoptation Climate Mitigation, Biodiversity Conservation, Nature Based Solutions, Green Certification जस्ता कार्यमा जोड दिई प्रवर्द्धन कार्यक्रमहरु गरिने छ ।

७.६ कृषि प्रविधि तथा डिजिटलमा रुपान्तरण गर्दै आधुनिक प्रविधिमा आधारित कृषि प्रणालीको विकास कार्यमा जोड दिइने छः

Artificial Intelligence (AI),Precision Agriculture, Drone Technology ,Internet of Things (IoT), GI and Remote Sensing,Digital Agriculture, Smart Irrigation,Climate Information System, Blockchain Traceability ,E-Commerce, Digital Marketplace Robotics, Automation, Agricultural Biotechnology

७.७ **बस्तुको प्रवर्द्धन र बजारीकरणमा निम्न कार्य गरिनेछ :**

अन्तराष्ट्रिय बजार पहिचान गर्ने, विभिन्न स्थानमा व्यापार मेलाको आयोजना गर्ने, Buyer-Seller Meet संचालन गर्ने, B2B व्यापार विस्तार गर्ने, निर्यात सम्बन्धी परामर्श सेवा प्रदान गर्ने,SPS तथा TBT मापदण्ड पुरा गर्न सहजीकरण गर्ने, अन्तर्राष्ट्रिय प्रमाणीकरणमा सहयोग गर्ने, नेपाल वस्तुको ब्रान्डको प्रवर्द्धन गर्ने, निर्यात योग्य बस्तुको सूची तयार गर्ने निर्यात गर्नु पूर्व अभिमुखीकरण कार्यक्रम मार्फत बस्तुको प्रवर्द्धन र बजारीकरणमा जोड दिइने छ ।

**७.८ लगानी तथा वित्तीय पहुँचमा निम्न कार्य गरिने छः**

कृषि लगानी सम्मेलन आयोजना गर्ने, विदेशी प्रत्यक्ष लगानी (FDI) आकर्षित गर्ने, बैक तथा वित्तिय संस्थासंग सहकार्य गर्ने, कृषि बिमा विस्तार गर्ने, हरित वित्त (Green Finance) को प्रवर्द्धन गर्ने, जलवायु वित्त (Climate Finance) उद्योगमा सहजीकरण गर्ने, कृषि उद्यमका लागि सहुलियतपूर्ण कर्जा पहुँच विस्तार गर्ने, कृषि स्टार्टअप लगानी कोष विकासका लागि पहल गरिने छ ।

**७.९ अनुसन्धान, नवप्रवर्द्धन तथा ज्ञान व्यवस्थापनमा निम्न कार्य गरिनेछः**

कृषि वस्तुको अध्ययन, अनुसन्धान प्रवर्द्धन गर्ने, बजारको अध्ययन, अनुसन्धान गर्ने,कृषि वस्तुको बस्तुगत प्रोफाइल तयार गर्ने, निर्यात बजारको सम्भावनाको विश्लेषण गर्ने, कृषि क्षेत्रको लागि आवश्यक नीतिको अनुसन्धान गर्ने, कृषि तथ्याङ्क तथा Database को विकास गर्ने, विश्वविद्यालय,अनुसन्धान केन्द्र र अन्य संघ, संस्थासंग सहकार्य गर्ने, नवीन प्रविधिको परिक्षण तथा विस्तार गरिने छ ।

७.१० नीति पैरवी तथा संस्थागत क्षमता विकास निम्न कार्यमा सहकार्य गरिनेछः

कृषिसंग सम्बन्धित नीति सुधारका लागि सरकारसंग संवाद गर्ने,निजी क्षेत्रका समस्या समाधानका लागि वहस र पैरवी गर्ने, कर, भन्सार तथा निर्यात नीति सुधारमा आवश्यक सुझाव दिने,सार्वजनिक -निजी साझेदारी(PPP) अवधारणालाई प्रबर्द्धन गर्ने, संघ, प्रदेश तथा स्थानीय सरकारसंग संमन्वय गर्ने, अन्तराष्ट्रिय विकास साझेदारहरुसंग सहकार्य गर्ने र कृषि क्षेत्रका लगानीमैत्री वातावरण निर्माण गर्न आवश्यक कानुनी तथा नीतिगत सुधारका लागि पहल गरिने छ ।

## ८. संस्थागत संरचना (Institutional Structure)

कृषि उद्यम केन्द्र (AEC) नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI) अन्तर्गत कृषि उद्यम, कृषि उद्योग, वनमा आधारित उद्यम तथा प्राकृतिक स्रोतमा आधारित व्यवसायहरुको प्रवर्द्धन गर्ने एक आधिकारिक निकाय हुने छ। नीजि क्षेत्रको प्रतिनिधिमूलक संस्थाका रुपमा नीति संवाद, कार्यक्रम कार्यान्वयन, लगानी प्रवर्द्धन, अनुसन्धान तथा अन्तराष्ट्रिय सहकार्यमा कृषि उद्यम केन्द्रले नेतृत्वदायी भूमिका निर्वाह गर्ने छ।

कृषि उद्यम केन्द्रको संस्थागत संरचना दक्ष, उत्तरदायी, पारदर्शी तथा परिणाममुखी व्यवस्थापन प्रणालीको आधारमा समिति गठन गरी कार्यहरु गरिनेछः

### (क) नीति निर्देशन समिति (Policy Steering Committee)

दीर्घकालीन नीति तथा रणनीति निर्धारण गर्ने, बार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थासंग सहकार्यका लागि प्राथमिकता निर्धारण गर्ने र संस्थागत सुशासन सुनिश्चित गरिने छ।

(ख) कृषि उद्यम केन्द्र व्यवस्थापन समिति(AEC Management Committee)ले दैनिक सचिवालय व्यवस्थापन तथा कार्यक्रम कार्यान्वयनको लागि निम्न अनुसार मुख्य जिम्मेवारी रहनेछः

वार्षिक कार्ययोजना तयार गर्ने, परियोजना संचालन तथा अनुगमन गर्ने, नीजि क्षेत्रसंग संमन्वय र सहकार्य गर्ने, लगानी प्रवर्द्धनको लागि सहजीकरण गर्ने र दातृ निकाय तथा विकास साझेदारसंग संमन्वय र सहकार्य गरिने छ।

(ग) प्राविधिक परामर्श समिति (Technical Advisory Committee) मा कृषि, वन, पशुपालन, मत्स्य, जडीबुटी, खाद्य प्रविधि, जलवायु परिवर्तन, कृषि अर्थशास्त्र, अन्तराष्ट्रिय व्यापार, वित्त तथा अनुसन्धान क्षेत्रका विज्ञहरुले निम्न कार्यहरु गर्नेछः

प्राविधिक सुझाव दिने,नीतिको अध्ययन र अनुसन्धान गर्ने, अन्तराष्ट्रिय अभ्यासको अध्ययन गर्ने र गुणस्तर सुनिश्चित गर्ने कार्य गर्ने छ।

### (घ) सचिवालयको संचालन

कृषि उद्यम केन्द्रलाई समय अनुसार प्रविधि मैत्री, पारदर्शि, परिणाममुखी, उत्तरदायि, जिम्मेवार निकायको रुपमा विकास गरी सक्षम, दक्ष्य र योग्य कर्मचारीहरुको माध्यमबाट सचिवालयको दैनिक प्रशासनिक र व्यवस्थापकीय कार्यलाई समन्वयात्मक कार्यबाट प्रभावकारी र परिणाममुखी बनाई संचालन गरिने छ।

९. सुशासन (Governance Framework)

कृषि उद्यम केन्द्रले निम्न सुशासनका सिद्धान्तहरुमा रही कार्य गर्नेछ ।

९.१ पारदर्शिता

वित्तीय पारदर्शिता कायम राखिने,सार्वजनिक प्रतिवेदन प्रकाशन गरिने र खुला सूचना प्रणालीको विकास गरिने छ ।

९.२ उत्तरदायित्व

स्पष्ट जिम्मेवारी तोकिने, नतिजामूलक कार्यसम्पादन मुल्यांकन गरिने र नियमित प्रगति समीक्षा कार्य गरिने छ ।

९.३ निर्णय प्रक्रियामा सहभागिता गरिने छः

किसान,निजी क्षेत्र,सहकारी,महिला,युवा,प्रदेश तथा स्थानीय सरकार र अनुसन्धान संघ,संस्थाको सक्रिय सहभागिताको सुनिश्चित गरिनेछ ।

९.४ समावेशितामा निम्न क्षेत्रलाई प्राथमिकता दिइने छः

महिला, युवा, आदिवासी जनजाति, दलित, दुर्गम क्षेत्र तथा साना कृषकलाई विशेष प्राथमिकता प्रदान गरिने छ ।

१०. कार्यक्रम कार्यान्वयन रणनीति (Programme Implementation Strategy) कृषि उद्यम केन्द्रले निम्न अनुसार कार्य गरिने छ ।

१०.१ निम्न सरोकारवालाहरुलाई क्षमता विकास तालिम दिइनेछः

व्यवसायीक कृषि उत्पादन,उद्यम र उद्यमशीलता विकास, व्यवसाय संचालन र व्यवस्थापन,आधुनिक कृषि प्रविधि हस्तान्तरण र डिजिटल कृषि तालिम आदि लाई प्राथमिकता दिई कार्य गरिने छ ।

१०.२ राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ सस्थाहरुसंग विभिन्न परियोजनामा तल उल्लेख गरिएको विषयवस्तुमा सहकार्य गर्न सकिनेछः

कृषिसंग सम्बन्धित परियोजना, हरित कृषिजलवायु अनुकुलन, कृषि उद्योग स्थापना, जडीबुटी विकास र निर्यात र प्रवर्द्धन परियोजना आदिमा सहकार्य गर्न सकिने छ ।

१०.३ अध्ययन, अनुसन्धान तथा नवप्रवर्तनमा निम्न कार्यलाई जोड दिइने छः

अध्ययन र अनुसन्धान,Demostration Farm,Innovation Hub,Agribusiness Incubation Centre, Startup Promotion आदि लाई प्राथमिकतामा राखिने छ ।

१०.४ बजारको विकास तथा संचालन निम्न अनुसार गरिने छः

राष्ट्रिय व्यापार मेला, अन्तराष्ट्रिय व्यापार मेला Buyer–Seller Meet, B2B कार्यक्रम र डिजिटल बजार मार्फत नेपाली कृषि उत्पादनलाई अन्तराष्ट्रिय बजारसंग जोड्न सहजीकरण गरिने छ ।

१०.५ नेपाल सरकारसंग आवश्यक नीति सुधारको लागि निम्न कार्यमा पैरवी गरिने छः

कृषि नीति, वन नीति, निर्यात नीति, कर नीति र लगानी नीति, कृषि वित्त सम्बन्धी सुधारका सरोकारवालाहरु बाट प्राप्त सुझावहरु परिमार्जन, संशोधनको लागि सरकारलाई प्रदान गरिने छ ।

११. साझेदारी संयन्त्र (Partnership Framework)

सरकारी निकाय

कृषि,वन तथा पर्यावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, राष्ट्रिय योजना आयोग, नेपाल कृषि अनुसन्धान परिषद (NARC), कृषि विभाग, वन विभाग, प्रदेश सरकार, स्थानीय तह संग सहकार्य गरिने छ ।

निजी क्षेत्र

कृषिसंग सम्बन्धित उद्योग, निर्यात तथा आयातकर्ता, कृषि उद्यमी, बैक तथा वित्तीय संस्था र बीमा कम्पनी र सहकारी संस्था सहकार्य गरिने छ ।

शैक्षिक अध्ययन तथा अनुसन्धान संघ, संस्था

विश्वविद्यालयहरु र अनुसन्धान केन्द्रहरु र कृषि विश्वविद्यालय र प्राविधिक शिक्षालयहरु संग सहकार्य गरिने छ ।

अन्तराष्ट्रिय साझेदार निम्न संघ, संस्थाहरु संग सहकार्य गरिने छः

FAO,IFAD,ITC, UNDP,GIZ, SNV,World Bank, Asian Development Bank (ADB),IFC. JICA, EU, USAID, KOICA, GCF र अन्य दाताहरु संग सहकार्य गरि कार्यक्रम संचालन गरिने छ ।

१२. कार्यक्रमहरु संचालनका लागि वित्तीय श्रोत परिचालन निम्न श्रोतहरु बाट गरिनेछः

FNCCI को संस्थागत श्रोत,नेपाल सरकार, विकास साझेदार,अन्तराष्ट्रिय सहयोग, निजी क्षेत्र परियोजना सहायता, CSR कार्यक्रम,सदस्यता सेवा, तालिम तथा परामर्श सेवा र अनुसन्धान

कार्यक्रम, प्रकाशन तथा सूचना सेवा कार्यक्रम संचालनको लागि वित्तिय श्रोतको व्यवस्थापन गरिने छ ।

## १३. अनुगमन, मुल्याङ्कन तथा सिकाई (Monitoring, Evaluation and Learning)

कृषि उद्यम केन्द्रले परिणाममा आधारित व्यवस्थापन प्रणाली (Results–Based Management) अवलम्बन गर्ने छ ।

### नियमित अनुगमन

मासिक समीक्षा, त्रैमासिक प्रगति समीक्षा, अर्धवार्षिक मुल्याङ्कन र वार्षिक प्रतिवेदन मार्फत नियमित रुपमा अनुगमन तथा मुल्यांकन गरिने छ ।

### कार्यसम्पादन सूचक (Key Performance Indicators)

कृषि उत्पादन वृद्धि, निर्यात बृद्धि,कृषि उद्योग स्थापना, रोजगारी सिर्जना,महिला सहभागिता, युवा उद्यमी संख्या, विदेशी लगानी, जलवायु-मैत्री अभ्यास, जैविक उत्पादन, हर्बल उत्पादन, NTFPs निर्यात, किसान आय बृद्धि ,निजी क्षेत्रको लगानी सूचांकको आधारमा गरिने छ ।

### प्रभाव मुल्याङ्कन नियमित रुपमा निम्न अनुसार गरिनेछः

आर्थिक तथा सामाजिक प्रभाव र संस्थागत तथा वातावरणीय प्रभाव सम्बन्धी अध्ययन गरिनेछ ।

## १४. अपेक्षित उपलब्धिहरु (Expected Outcomes)

### कृषि क्षेत्रमा

आधुनिक तथा व्यवसायीक कृषि प्रणाली विकास हुने, कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि हुने र खाद्य तथा पोषण सुरक्षा सुदृढ हुने यस कार्यादेशको प्रभावकारी कार्यान्वयनबाट माथि उल्लेख गरिएको उपलब्धिहरु हासिल हुने अपेक्षां राखिएको छ ।

### आर्थिक क्षेत्रमा

कृषि क्षेत्रमा निजी लगानी उल्लेखनीय रुपमा बृद्धि हुने, कृषि उद्योग विस्तार हुने, ग्रामिण रोजगारी सिर्जना हुने र किसानको आयमा बृद्धि अपेक्षां राखिएको छ ।

### व्यापार क्षेत्रमा

कृषि निर्यात उल्लेखनीय रुपमा बढ्ने, नेपालका कृषि उत्पादन अन्तराष्ट्रिय बजारमा स्थापित हुने, र Made in Nepal कृषि वस्तुको ब्रान्ड निर्माण भई निर्यातमा उल्लेखनिय रुपमा वृद्धि भई आयातलाई प्रतिस्थापन गर्न आवश्यक सहयोग पुग्ने अपेक्षां राखिएको छ ।

वन तथा जडीबुटी क्षेत्रमा

गैर-काष्ठ वन पैदावारको दिगो उपयोग हुने, जडीबुटी तथा हर्बल उद्योगको विकास हुने, आवश्यक तेल तथा प्राकृतिक उत्पादनको निर्यात विस्तार हुने र जैविक विविधताको संरक्षणसंगै स्थानीय समुदायको आय अभिबृद्धि भई जीवन स्तरमा सुधार आउने अपेक्षां राखिएको छ ।

वातावरणीय क्षेत्रमा

जलवायु-मैत्री कृषि विस्तार हुने, हरित अर्थतन्त्रको विकास हुने र प्राकृतिक श्रोतको दिगो व्यवस्थापन को माध्यमबाट उत्पादन र उत्पादकत्वमा वृद्धि भई खाद्यन्न उत्पादनमा आत्मनिर्भर हुने अपेक्षां राखिएको छ ।

संस्थागत क्षेत्रमा

सार्वजनिक-निजी साझेदारी सुदृढ हुने, कृषि नीतिमा सुधार हुने, अन्तराष्ट्रिय सहकार्यमा विस्तार हुने, कृषि क्षेत्रमा अध्ययन र अनुसन्धान तथा नवप्रवर्द्धनको माध्यमबाट विभिन्न संघ, संस्थाहरुको क्षमता अभिवृद्धि, साक्षरतामा विकास, सहज रुपमा वित्तको उपलब्धता, योग्य, सक्षम मानव श्रोतको उपलब्धता, उपयुक्त नीति नियमको निर्माण, संस्थागत विकास भई स्वतन्त्र रुपमा व्यवसाय गर्ने वातावरण बन्ने अपेक्षां राखिएको छ ।

१५. निष्कर्ष

कृषि उद्यम केन्द्र (AEC) नेपालको कृषि क्षेत्रलाई परम्परागत उत्पादन प्रणालीबाट उच्च मूल्ययुक्त, ज्ञानमा आधारीत, प्रविधिमैत्री, जलवायु-उत्थानशिल, दिगो तथा विश्व बजारसंग जोडने आधुनिक कृषि अर्थतन्त्रमा रुपान्तरण गर्ने एक मात्र नीजि क्षेत्रको संस्थाका रुपमा स्थापित हुनेछ ।

नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI) को नेतृत्वमा केन्द्रले कृषि, पशुपालन, मत्स्य, गैर-काष्ठ वन पैदावार, जडीबुटी, हर्बल उद्योग , खाद्य प्रशोधन, कृषि पर्यटन, जैविक कृषि, कृषि प्रविधि , हरित लगानी तथा अन्तराष्ट्रिय  व्यापारका क्षेत्रहरुको पहिचान गरी यसको विकासको आधार तय गरी सार्वजनिक-निजी साझेदारी, नवप्रवर्तन, अध्ययन र अनुसन्धान, लगानी प्रवर्द्धन तथा अन्तराष्ट्रिय संघ संस्था संगको साझेदारी र सहकार्यलाई जोड दिदै यसको माध्यमबाट समृद्ध किसान, सशक्त कृषि उद्यम र समृद्ध नेपालको राष्ट्रिय आकाक्षांलाई पुरा गर्ने कार्यमा कृषि उद्यम केन्द्रको उल्लेखनिय भूमिका रहने विश्वास दिलाउन चाहान्छु ।

सम्पर्क


शिव प्रसाद घिमिरे

सभापति

कृषि उद्यम केन्द्र/नेपाल उद्योग वाणिज्य महासंघ

टेकु, काठमाण्डौ फोन नं.०१-५३६२४५

मोबाईल : ९८५१०९१२७१

इमेल: hamroshiva@yahoo.com

shiva.sg@aec-fncci.org